मितिः २०८२।०२।१२

श्री सम्पादकज्यू,

क्यापिटल नेपाल डट कम,

बिजनेस नेपाल म्यानेजमेन्ट प्रा.लि.,

काठमाडौं — २९, कालिकास्थान ।

**विषयः खण्डन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तपाईं सम्पादक रहनुभएको बिजनेस नेपाल म्यानेजमेन्ट प्रा.लि. द्वारा सञ्चालित क्यापिटल नेपाल डट कम (सूचना विभाग दर्ता नं. १९४५/०७६-०७७) को अनलाइन वेबसाइट capitalnepal.com मा मिति २०८२।०२।०२ मा प्रकाशित **"उत्पादन बन्द भएपछि सेरेस ग्लोबलले आफ्नो वेबसाइटबाट हटायो सेरेस ३ का सम्पूर्ण विवरण"** भन्ने शीर्षकको https://www.capitalnepal.com/detail/60755 सामग्री उपर यस एम.ए.डब्लु. वृद्धि मोटर्स प्रा.लि.को ध्यानाकर्षण भएको छ । यस एम.ए.डब्लु. वृद्धि मोटर्स प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता भएको अटोमोबाइलको क्षेत्रमा काम गर्ने एक प्राइभेट लिमिटेड कम्पनी हो । त्यस अनलाइनको सामग्रीमा उल्लेखित सेरेस ब्रान्डको गाडीको आयात र बिक्री नेपालमा यसै कम्पनीले गर्दै आएको छ । उक्त सामग्रीका सम्बन्धमा यस कम्पनीको देहाय अनुसार बुँदागत प्रतिक्रिया एवम् खण्डन रहेको छ । उक्त खण्डन एवम् प्रतिक्रियालाई स्थान दिनुहुन अनुरोध गर्दछु ।

<u>देहायः</u>

१) प्रकाशित सामग्रीमा **"चीनमा निर्माणमा भई बिक्री हुँदै आएको सेरेस ३ को उत्पादन बन्द भएपछि सेरेस ग्लोबलले आफ्नो वेबसाइटबाट सम्पूर्ण विवरण हटाएको छ"... "ब्याट्रीमा बारम्बार समस्या देखिएपछि उपभोक्ता र बजारबाट आलोचना बढ्दै जाँदा कम्पनीले सेरेस ३ को उत्पादन बन्द गरेको हो"...** भनी उल्लेख भएको रहेछ । उक्त विषय गलत, झुठो र भ्रमपूर्ण रहेको छ ।

**खण्डनः** "सेरेस ३ गाडीको जानकारी विगत दुई तीन वर्षअघि देखि नै ग्लोबल सेरेस वेबसाइटमा नभई सेरेस ग्रुपको सब्सिडियरी कम्पनी DFSK को वेबसाइट dfsk.com मा उपलब्ध रहिआएको छ । यस तथ्य सार्वजनिक रूपमा पुष्टि गर्न सकिने हुँदा यो समाचार कुनै आधार वा प्रमाणबिना बनावटी रूपमा सिर्जना गरिएको छ । उक्त वेबसाइटमा https://dfsk.com/portal/index/companyprofile.html सेरेस ग्रुपको सब्सिडियरी कम्पनी रहेको र सेरेस ब्राण्डका गाडीहरूको निर्यात र बिक्रीमा DFSK जिम्मेवार

रहेको जानकारी सार्वजनिक पहुँचमै उपलब्ध रहेको छ । यस्तै, सोही वेबसाइटमा https://dfsk.com/portal/index/epv.html सेरेस ब्रान्डको सेरेस ३ गाडीको विवरण समेत उपलब्ध रहेको छ । यसरी सार्वजनिक रूपमा उक्त गाडीको विवरण वेबसाइटमा उपलब्ध हुँदाहुँदै त्यस अनलाइनले गैरजिम्मेवार, भ्रमपूर्ण र नियोजित प्रकृतिको सामग्री तयार र प्रकाशन गरी यस कम्पनीको ब्रान्डको छवि, उपभोक्ताबीचको विश्वास र व्यावसायिक साखमा प्रत्यक्ष हानि पुगेको छ ।"

२) प्रकाशित सामग्रीमा **नेपालीमा सेरेस ३ को बिक्री तथा वितरण एमएडब्लू वृद्धि अटोमोबाइलमार्फत हुँदै आएको छ। नेपालमा बिक्री भएका केही गाडीमा समेत समस्या आइरहेको छ"... "ग्राहक प्रतिक्रिया, समीक्षा तथा परीक्षण रिपोर्टमा यसमा गुणस्तर, निर्माण असमानता, कमजोर प्रदर्शन, सफ्टवेयर समस्या र समग्रमा विश्वासनीयताको कमी देखिएका थिए"** भनी उल्लेख भएको रहेछ । उक्त दाबी समेत भ्रमपूर्ण र गलत रहेको छ ।

**खण्डनः** "यस दाबीमा कुनै निश्चित घटना, प्राविधिक रिपोर्ट वा उपभोक्ता गुनासो उल्लेख नै गरिएको छैन । यस्तो समग्र आरोप (blanket accusation) ले कुनै पनि कानूनी रूपमा प्रमाणित गर्न सकिने तथ्य बिना कम्पनीलाई अक्षम, अविश्वसनीय र प्राविधिक रूपमा कमजोर कम्पनीका रूपमा चित्रित गर्ने नियोजित कार्य गरेको छ । यस सामग्रीले आम उपभोक्तामा यस कम्पनीको विरुद्ध भ्रम फैलाउने, बिक्री साझेदार र डिलरहरूमाझ विश्वास घटाउने र बजारको विश्वासलाई तहसनहस पारी यस कम्पनीको व्यापारिक प्रतिष्ठा र ख्यातिमा आघात पुऱ्याउने कार्य गरेको छ । उक्त सामग्रीमा कुनै पनि प्रमाणित ग्राहक प्रतिक्रिया, प्राविधिक परीक्षण प्रतिवेदन वा गुणस्तर परीक्षणको सन्दर्भ दिइएको छैन । यस्तो दाबीले यस कम्पनीले आयात र बिक्री गर्ने सेरेस गाडीको उत्पादकलाई त्रुटिपूर्ण उत्पादन गर्ने कम्पनीको रूपमा चित्रित गरेको छ । यस दाबी आधारहीन र भ्रमपूर्ण रहेको छ । "

३) प्रकाशित सामग्रीमा **"जब बजारमा विश्वविख्यात कम्पनीले गुणस्तरीय ईभी ल्याए, सेरेस ३ को कमजोरी झनै प्रस्ट हुन थाल्यो। यिनै समस्याका कारण कम्पनीले अन्ततः सेरेस ३ को उत्पादन बन्दको निर्णय गरेको हो"** भनी उल्लेख भएको रहेछ । उक्त विषय तथ्यभन्दा धेरै टाढा रहेर गलत र भ्रमपूर्ण रहेको छ ।

**खण्डनः** "सेरेस गाडीको उत्पादक कम्पनीको कुनै पनि आधिकारिक सम्प्रेषण, प्रेस विज्ञप्ति, बोर्डको निर्णय वा आधिकारिक वक्तव्यबिनै उत्पादन बन्दको कारणलाई यस्तो भ्रमपूर्ण र मिथ्या तुलनाका आधारमा प्रस्तुत गरेर यस कम्पनीको व्यापारलाई प्रत्यक्ष क्षति पुगेको छ । यस कम्पनीले उल्लेखित गाडीको बिक्री अझैसम्म पनि गरिरहेको छ । त्यस गाडीलाई बजारबाट हटिसकेको भनी दुष्प्रचार गर्ने कार्यले व्यवसायिक क्षमतामा आघात पुगेको छ ।"

४) समग्र खण्डन: "प्रकाशित सम्पूर्ण सामग्री नै कपोलकल्पित, भ्रमपूर्ण, तथ्यहीन र यस कम्पनीको इज्जत र ख्यातीमा धक्का दिई बेइज्जती गर्ने आपराधिक मनशायले लेखिएकाले जति तथ्यगत खण्डन गरेपनि अपुग हुन्छ । नियोजित रूपमा मनगढन्ते कथा सिर्जना गरेर तयार गरिएको उक्त सामग्री प्रथमदृष्टिमै बेइज्जतीपूर्ण भएकाले खण्डन प्रकाशनले मात्र न्याय गर्न सक्दैन । तसर्थ, यस कम्पनीको बेइज्जत गर्ने उद्देश्यले प्रकाशित उक्त सामग्री तयार गरेर प्रकाशन गरेकोमा क्षमायाचना गर्दै उक्त सामग्री आफ्ना सम्पूर्ण अनलाइन माध्यमबाट हटाउनुहुन र आगामी दिनमा यस कम्पनीको बेइज्जती हुने किसिमका थप भ्रमपूर्ण सामग्री प्रकाशन नगर्न, नगराउनुहुन अनुरोध गर्दछु ।"

बोधार्थः

१. प्रेस काउन्सिल नेपाल

निवेदक

नामः किरण कुमार राज

हस्ताक्षरः

फोनः ९८५११२२७३२

ईमेल: kirankq2022@gmail.com

पदः कम्पनीबाट अखितयारप्राप्त व्यक्ति